# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालीकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र संख्या : २०७५/०७६
चलानी नं. : ८८५

मिति : २०७५/०८/२७

**विषय : दोहोरो सुविधा सम्बन्धमा ।**

**श्री १ देखि ९ नं. वडा कार्यालय,**
**दक्षिणकाली नगरपालिका ।**

उपर्युक्त सम्बन्धमा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८(१) मा व्यवस्था भए अनुसार सरकारी कोषबाट निवृत्तिभरण पाई रहेको व्यक्ति, पदाधिकारी वा सदस्य पदमा निर्वाचित वा मनोनित भएको त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तिभरण वा मासिक सुविधा मध्ये एउटा सुविधा मात्र पाउने भन्ने व्यवस्था रहेको हुँदा सोहि व्यवस्था कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ३, हैटौंडाको प.सं. २०७५/०७६ च.नं. ९३० मिति २०७५/०८/१९ गतेको पत्रबाट लेखी आएको हुँदा वडा कार्यालयका पदाधिकारी तथा सदस्यहरुले दोहोरो सुविधा लिएको भए सो को जानकारी नगरपालिकालाई गराउनु हुन अनुरोध गरिन्छ । सो सम्बन्धी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ३, हैटौंडाको परिपत्र यसै साथ संलग्न गरी पठाईएको छ ।

............८/२६
**टीकाराम ज्ञवाली**
(प्रमुख प्रशासकीय अधिकृत)

☎ ०५७ ५२२३८५
५२२३८७
५२२३९७
५२२८९७
५२२८९८
फ्याक्स: ०५७-५२७५०७

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश नं. ३

हेटौंडा, मकवानपुर, नेपाल
(शासकीय सुधार तथा समन्वय महाशाखा)

दक्षिणकाली नगरपालिका
दर्ता नं.: ९२५६
दर्ता मिति: ८।२४

प.सं.०७५/०७६
च.नं. ९२०

मितिः २०७५/०८/१९

विषयः दोहोरो सुविधा सम्बन्धमा ।

श्री प्रदेश नं. ३ भित्रका
जिल्ला समन्वय समिति सबै
स्थानीय तह सबै ।

प्रस्तुत विषयमा *स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ८१)* मा व्यवस्था भए अनुसार सरकारी कोषबाट निवृत्तिभरण पाईरहेको व्यक्ति, पदाधिकारी वा सदस्य पदमा निर्वाचित वा मनोनित भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तिभरण वा मासिक सुविधा मध्ये एउटा सुविधा मात्र पाउने रहेको छ । स्थानीय तहका पदाधिकरी तथा सदस्यहरुले दोहोरो सुविधा लिइरहेको भन्ने जानकारीमा आएको हुँदा सो सम्बन्धमा प्रचलित ऐन बमोजिम गर्नु हुन जानकारीको लागी अनुरोध छ।

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत

Website: ocmcm.p3.gov.np
Email: ocmcm.p3.gref@gmail.com